# शारदा

(लामो कविता)

नइ प्रकाशन

२०५२

# शारदा

इन्दिरा प्रसाई

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स: ४७७०५८०
Email : nai.com.np@gmail.com
Website : nai.com.np
प्रुफ रिडर : उपेन्द्र सुवेदी
साजसज्जा : बुद्ध प्रधान
मुद्रक : मोडर्न प्रिन्टिङ प्रेस
© सुरक्षित, २०६९ साल (2013)
मोल : एक सय रुपियाँ

---

*ISBN: 978-9937-509-38-1*

**SHARADA**

An Anthology of Nepali Poems by Indira Prasai

सुयशालाई

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नेपालीसाहित्य आकाशमा इन्दिरा प्रसाई कविता, कथा, उपन्यास र निबन्ध लेखनमा आबद्ध स्रष्टाको नाउँ हो । साथै समालोचना र प्रबन्ध लेखनमा पनि उत्तिकै कलम चलाउने उनको सम्पादन कलामा पनि उल्लेखनीय नापो देखिन्छ । उनी लामो कविताको शृङ्खलामा उक्लिँदै जाँदा 'तिमी हुनुको', 'ए समुद्र' हुँदै शारदासम्म आइपुगेकी छिन् ।

शारदा (ढकाल) अधिकारी भन्नु नेपाली साहित्यमा प्रखर समालोचक, निबन्धकार, बालसाहित्यकार र सङ्गठनकलामा समेत निपूर्ण स्रष्टाको नाउँ मानिन्छ । सानो उमेरमा शारदा अधिकारीले माथिमाथि र निकै माथिको बादल छोइसकेकी पनि थिइन् । फेरि बादलमाथि उक्लिने क्रममा उनको असामयिक निधन भयो । त्यही दु:खद् आँसुमा डुबेर इन्दिरा प्रसाईले 'शारदा' नामक वियोगकाव्य सृजना गरेकी हुन् ।

**शारदा**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

• *नइ प्रकाशन*

# सानैमा ठूली शारदा अधिकारी

शारदा ढकाल अधिकारी सरल भएर पनि क्रान्तिकारी थिइन् । उनी नरम भएर पनि जागरूक थिइन् । अनि उनी भद्र भएर पनि अन्यायको प्रतिकारमा उभिन्थिन् । त्यसैले उनी सानै उमेरमा प्रसिद्धिको उचाइमा पुगिन् । नेपाली भाषासाहित्यमा उनले आफ्नो उमेरमा जति लेखिन् धेरै लेखिन् । साथै उनी स्तरीय लेखनकी पनि समकालीन पुस्ताको एउटी बिम्ब बनिन् ।

शारदा सकारात्मक चेतकी धनी थिइन् । अरूको खुट्टा तान्ने प्रवृत्तिको उनी विरोधी थिइन् । उनी स्वावलम्बी पनि थिइन् । अनि उनी अर्काको सेवामा पनि समाहित हुन्थिन् । साथै उनी आफू लेख्न र अरूलाई लेखाउन पनि त्यत्तिकै उत्सर्गिक हुन्थिन् । उनी साहित्यिक सङ्गठन गर्न पनि सिपालु थिइन् ।

शारदाले नेपाली संस्कृतिको खोक्रो आडम्बरलाई कहिल्यै स्विकारिनन् । धर्मका आडमा पुरुषले बनाएको अन्धो सांस्कृतिक कानुनको प्रतिकारमा उनी बाँचुन्जेल उभिइरहिन् । उनका पतिको निधनमा समेत उनले तेह्र दिनपछि रातो टीका, रातो चुरा, रातो सारी र रातो चोली लगाइन् । उनले धर्म र संस्कृतिका नाउँमा लादिएका खोक्रा आडम्बरहरूलाई भाँचभुँच पारिन् । वास्तवमा उनी समाजले के भन्छ भन्ने डरमा कहिले बसिनन् । बरु उनले नारी उपर गरिने शोषण, दबाब र भेदभावका विरोधमा आफ्नो शक्ति अर्पण गरिन् । पत्नीको निधनमा पतिले जेजस्तो कृत्य गर्छन् पत्नीले

पनि पतिको मरणमा त्यति नै मात्र कर्म गर्नुपर्छ भन्ने उनको स्पष्ट मान्यता थियो ।

शारदाको जन्म २०२१ साल मङ्सिर ३ गते काठमाडौंको सुन्दरीजलमा भएको थियो । उनका बुबा दामोदर ढकाल तथा आमा गुह्येश्वरी ढकालका पाँचजना सन्तानमा उनी प्रथम सन्तान थिइन् ।

शारदा सानैदेखि ख्याउटे थिइन् । उनी जन्मदै सानो काँटकी थिइन् । सानामा लिखुरे भएका कारण उनलाई घरमा मुसी भनेर बोलाइन्थ्यो । सानामा उनी लाटीजस्तै पनि थिइन् । तर जतिजति उमेर छिप्पिँदै गयो त्यतित्यति उनी टाठी र बाठीमा क्रमश: अनुवाद हुँदै पनि गइन् ।

शारदाले नेपालका विभिन्न ठाउँका स्कुलहरू पढिन् । उनका बुवा जागिरका सिलसिलामा जहाँजहाँ पुगे त्यहींत्यहीं यिनले शिक्षा आर्जन गर्थिन् । त्यसैले यिनले काठमाडौं, सल्यान, कञ्चनपुरका स्कुलहरूमा शिक्षा ग्रहण गरेकी थिइन् । तर उनले काठमाडौंबाट नै एसएलसी पास गरिन् ।

एसएलसी पासताक शारदाका बुबा सुर्खेत सरुवा भएर गएका थिए । अनि उनी पनि बुवासँगै गइन् र सुर्खेत क्याम्पसमा भर्ना भइन् । तर त्यहाँ आईएको प्रथम वर्ष सकिंदा नसकिँदै उनका बुवाको फेरि अन्यत्रै सरुवा भयो । अनि सरासर काठमाडौं आएर उनले पद्मकन्या बहुमुखी क्याम्पसमा नाउँ लेखाइन् । त्यहाँबाट उनले बीए पास गरिन् । साथै कीर्तिपुर क्याम्पसबाट नेपाली विषयमा उनले प्रथम श्रेणीमा एम्‌ए पास गरिन् । त्यसपछि उनी उपप्राध्यापकका रूपमा पद्मकन्या बहुमुखी क्याम्पसमा पढाउन थालिन् ।

शारदाको बिहे २१ वर्षको उमेरमा भएको थियो । त्यतिबेला उनी आईए पास गरेर बीए भर्ना हुने तरखरमा उभिएकी थिइन् । उनी नेपाली भाषासाहित्यका रथी हरिहर शास्त्रीका छोरा सुदीप

अधिकारीसँगको वैवाहिक जीवनमा बाँधिइन् । उनका ससुरा हरिहर शास्त्रीमा आफ्नी बुहारी शारदाको उच्चशिक्षाप्रतिको गहिरो चाहना थियो । त्यसैले शारदाले बिहेपछि पनि आफ्नो अध्ययन जारी राख्ने अवसर पाएकी थिइन् । बिहे गरेको दुई वर्षमा यिनले छोरी सुयशा पनि जन्माएकी थिइन् र बीए पनि पास गरेकी थिइन् । अनि वैवाहिक सम्बन्ध भएको बाह्र वर्ष नपुग्दै उनका पतिको निधन भएको थियो । उनका पति सुदीपको ब्रेन ट्युमरका कारण स्वर्गवास भएको थियो । ३३ वर्ष पुग्नासाथ उनी एकल महिलामा रूपान्तरित भएकी थिइन् ।

शारदा नेपाली भाषासाहित्यमा सृजनात्मक र सङ्गठनात्मक दुवै कार्यमा क्रियाशील थिइन् । उनी नेपाली साहित्यमा विशेष गरेर पद्य फाँटको संवर्द्धनका लागि जागरूक भइन् । त्यसै सिलसिलामा यिनी 'नेपाली वाङ्मय प्रतिष्ठान'की सचिव थिइन् । त्यसै गरेर नारी स्रष्टाहरूको सङ्गठन 'गुञ्जन'मा पनि यी मिसिएकी थिइन् । साथै 'रूमु प्रकाशन'मा प्रवेश गरेर विभिन्न कृतिहरूको सम्पादन कार्यमा पनि उनले आफूलाई समाहित गरेकी थिइन् । उनी 'साझा प्रकाशन'को निर्वाचित सञ्चालक सदस्य थिइन् । साझा प्रकाशनको संवर्द्धनका लागि यी नेपालभित्रका अधिकांश शाखा कार्यालयहरूमा पुगेकी थिइन् । साझालाई मर्यादित बनाउने सपनामा नै उनी लागिपरेकी थिइन् । साहित्य संवर्द्धनकै परिवेशमा उनी 'नेपाल बाल साहित्य समाज'को सचिव पनि भइन् । यस संस्थामा रहेर उनले विशेष योगदान पुऱ्याएकी थिइन् । अनि यही संस्थाको संस्थागत कार्यका सन्दर्भमा नै उनको स्वर्गारोहण भएको थियो ।

२०६५ साल कात्तिक २४ गतेको कुरा हो, तेजप्रकाश श्रेष्ठले हाँकेको मोटरसाइकलमा शारदा बसेकी थिइन् । उनले गलामा बेरेको गुलाबी पछ्यौरीलाई मोटर साइकलको चक्काले बेर्न थालिसकेको रहेछ । पछ्यौरी चक्कामा बेरिँदै घाँटी कसिँदै गएपछि चाबेल पुगेर उनी सडकमा बजारिइन् । त्यही दुर्घटनामा उनको घाँटीको हड्डी

भाँच्चियो । तुरुन्तै उनलाई अस्पताल पनि पुऱ्याइएको थियो । अस्पताल पुग्ने बित्तिकै उनको मृत्युको घोषणा भयो ।

शारदाका साहित्यिक कृति सङ्ख्यात्मक रूपमा नभए तापनि उनी गुणात्मक लेखनकी धनी थिइन् । उनले 'जीवन जे जसरी पनि बग्दो रहेछ' (२०६३), लेखिन् । त्योभन्दा अघि नै शैलेन्दुप्रकाश नेपालसँगको लेखनमा 'पारख प्रयत्न' समालोचनासङ्ग्रह, (२०५५) प्रकाशनमा आएको थियो । यस सङ्ग्रहमा यी दुई स्रष्टाका दशदशवटा समालोचना सङ्गृहीत भए । अनि यी दुवै कृतिभन्दा अगावै अर्थात् २०५३ सालमा उनको बालकवितासङ्ग्रह 'चिनजान हामीलाई' प्रकाशित भएको थियो । बाल साहित्यमा यिनका १३ वटा कृति प्रकाशित भए । उनले नेपाली साहित्यमा जति गरे पनि आफूलाई प्रचारमा ल्याउन चाहिनन् ।

शारदाले नेपाली भाषाको अक्षर खेलाएर नै देशदेशान्तरमा आफ्नो नाउँ सम्प्रेषण गरेकी थिइन् । त्यसैले उनलाई भारत, डेनमार्क र स्विडेनको पनि भ्रमण जुरेको थियो । साथै उनले आफू गएका ठाउँको चित्रण गरेर निबन्ध पनि लेखिन् ।

शारदाले पढाइकै बेला आधारभूत पत्रकारिता प्रशिक्षण लिएकी थिइन् । उनले प्राध्यापनकालमा नै महेश योगीको नेतृत्वमा सञ्चालित भावातीत ध्यानको प्रशिक्षण पनि लिएकी थिइन् । अनि त्यो ज्ञान र ध्यान उनले भारतको दिल्लीबाट आर्जन गरेकी थिइन् । त्यसपछि उनी योग र ध्यानबारे तालिम लिनमा नै उद्धत रहिन् र अन्ततः यसबारे उनी प्रशिक्षक पनि भइन् । साथै उनी रजनीशद्वारा स्थापित ओशोमा पनि पुगिन् । त्यहाँ पनि उनले प्रशिक्षण लिइन् । साथै उनी "ओशो 'मा' विद्या"द्वारा विभूषित गुरुमा बनिन् ।

शारदाको जीवनको अधिकांश समय भौंतारिएर नै पनि बितेको थियो । उनी नारीलाई सङ्कुचित र निरीह पार्ने कुनै पनि धर्म, विचार र कर्मको कट्टर विरोधी थिइन् । त्यसैले उनी आफन्तहरू

माऊ पनि बिऊाएकी थिइन् । वास्तवमा उनी विश्वबन्धुत्वको अवधारणालाई नै अङ्गीकार गर्थिन् । त्यसैले साँगुरा कर्मकाण्डीहरूका लागि उनी प्रिय हुन सकिनन् ।

बाँचुन्जेल शारदामाथि आफ्ना वरिपरिका विभिन्न ठाँउबाट फरकफरक तरिकाले मानसिक प्रताडना भइरहेका हुन्थे । साहसकी प्रतिमूर्ति भएर उनले हरेक आक्रमणको प्रतिकार पनि गरिरहिन् । जतिसुकै बाधा आए तापनि स्वाभिमानपूर्ण ढङ्गले शिर उचालेरै उनी आफ्नो यात्रामा लम्किरहिन् ।

शारदाले बालसाहित्य विषयक केही पुरस्कार र सम्मान पनि पाइन् । साथै उनको शेषपछि उनकी प्रिय सखी प्रभा भट्टराईले जीवनीकृति 'साहित्यकार शारदा अधिकारी' (२०६६) लेखिन् । अनि इन्दिरा प्रसाईले पनि 'शारदा' नामक प्रस्तुत लामो कविताको एउटा सिङ्गो किताबै लेखिन् ।

• • •

प्रस्तुत 'शारदा'नामक काव्य इन्दिराको तेस्रो लामो कविताको कृति हो । अनि यस 'शारदा'को पहिलो श्रोता पनि म नै हुँ । जबजब इन्दिरा यस कृतिमा लेखिएका कविता वाचन गर्थिन् तबतब हाम्रा दुई जोडी आँखामा एकै साथ आँसु टलपलाउने गर्थे । इन्दिराको संवेदनशील मनमा शारदाको छाप कति अमीट रहेछ भन्ने चाहिं मलाई त्यतिखेर धेरै बोध भएको थियो, जतिखेर उनले 'शारदा' पढेको पाठ नै नरित्याई फेरि उही 'शारदा'लाई पट्याएर सिरानीमा राख्थिन् । फेरि अर्को दिन इन्दिराले सिरानीबाट त्यही फाइल झिक्थिन् र मलाई सुनाउँथिन् । उनका ओठ र उनका आँखा हेर्दै म 'शारदा' सुन्थें र अनि फेरि पनि भिज्दै गरेका उनका निर्दोष परेलीमा मेरा परेली पुगेर थाहै नपाई साँगी लागिदिन्थें । त्यति बेला हामी दुबै एकअर्कामा रोदनका आँसु निल्ने गर्थ्यौं ।

आफ्नी प्रिय बहिनी तथा सखीप्रतिको वेदनामा डुबेर इन्दिराले शारदा अधिकारीको निधन भएको तेह्र दिनभित्रमा 'शारदा' नामक यस कृतिको रचना गरेकी हुन् । एउटा मित्रप्रतिको गहिरो श्रद्धाञ्जली स्वरूप प्रस्तुत कृति स्थापित भएको मैले महसुस गरेको छु ।

•

शारदाप्रतिको मेरो सद्भावना बोक्रेबोक्रे मात्र पनि थिएन । महिला साहित्यकारहरूको मेरो जीवनीकृति 'नारीचुली'का सन्दर्भमा उनको समेत जीवनी समाविष्ट गर्ने मेरो इच्छा पनि थियो । तर यति हुँदाहुँदै पनि उनलाई त्यसभित्र समाविष्ट गरिँदा बीचमा केही खाडल पर्ने टड्कारो सम्भावना पनि देखिएकाले मैले त्यसमा उनको नाउँ समाविष्ट गर्न सकेको थिइन् । वास्तवमा नेपाली भाषाको खास गरेर बालसाहित्य र समालोचनाका फाँटमा उनको लेखन उच्चस्तरीय भएको बेहोरा मैले सकारेको थिएँ !

शारदा र मेरो बराबर भेटघाट पनि हुने गर्थ्यो । उनी कहिले हाम्रो घरमा आउँथिन् र कहिले म उनका घरमा पुग्थें । उनी राता कपडामा सुसज्जित भएर हिंड्न मन पराउँथिन् र त्यस्तैमा उनी हामी माऊ प्रस्तुत हुन्थिन् । उनका घरका राता कलेजी पर्दाहरूकै प्रसङ्ग पनि जोडेरै उनीसँग म घरिघरि वार्ता पनि गर्थें । अनि म उनलाई भन्थें 'तिमी शारदा ! क्रान्तिकी सहोदरी नै हौ !'

•

शारदा आर्यघाटको ब्रह्मनालमा सुताइएकी थिइन् । त्यसै बेला उनको चोलालाई ब्रह्मनालदेखि बोकेर चितासम्म पुऱ्याउनेमध्ये म पनि एक थिएँ । त्यसैले आजसम्म पनि मेरा हातमा र मेरा मनमा त्यही चिसो, त्यही अररो र त्यही प्राणविहीन शारदा नै मौजुद भैरहेकी छिन् ।

**• नरेन्द्रराज प्रसाई**

# शारदा

मेरा लागि नजिकको मानिसको अर्थ दिने शारदाको भौतिक देह अन्त्य भएको पनि निकै समय बितिसकेछ । शारदाकालीन समयमा मेरो अत्यन्त प्रिय स्थान विशेषमा पर्ने मैतीदेवी अहिले मेरा लागि पीडादायक भएको छ । सकेसम्म शारदाको घरको बाटो हिंड्नु नपरे हुन्थ्यो, सकेसम्म मैतीदेवीतिर जानु नपरे हुन्थ्यो, सकेसम्म शारदाका कुरा कसैले नगरिदिए हुन्थ्यो भनेर अझै पनि म आफैं आफूसँग भाग्ने गर्छु । समयको सीमाभित्र शारदा मरिसकेकी छे । तर मेरो मानसमा अहिले पनि उत्तिकै जिवन्त छे शारदा । मलाई थाहा नै छैन शारदा मेरी को थिई ? साथी ? बहिनी ? अथवा अन्य के थिई ? तर मलाई यति चाहिँ राम्ररी थाहा छ, अवश्य पनि ऊ मेरी केही थिई, जो अरू कोही हुन सक्तैनन्, ऊ मेरी त्यही थिई ।

जिन्दगी कति क्षणिक हुन सक्छ भन्ने उदाहरण भई शारदा मेरा लागि, मृत्यु कति शाश्वत हो भन्ने प्रमाण भई शारदा मेरा लागि, मानिस र मानिस बीचको सम्बन्ध भनेको जिन्दगी र मृत्युका बीचको साँघुमात्र हो भनेर गई शारदा । अब पीडादायी सम्झनाको विषय मात्र भई शारदा मेरा लागि, जसलाई आँसुले साथ दिन सक्ने विषय भई शारदा मेरा लागि ।

जिन्दगी सपना मात्र हो । यस संसारमा भौतिक रूपमा उपस्थित हुनेका लागि नहुनेहरू मात्र स्मृति हुन् । सम्बन्धहरू राम्रा भए मीठो सपनाको आभास हो स्मृति, सम्बन्धहरू नराम्रा भए तीतो सपनाको

आभास हो स्मृति । सायद मीठो सपनाको स्मृतिजन्य पीडा दिन शारदासँगका मेरा सम्बन्धहरू मेरा लागि निकै राम्रा भएछन् । अहिले म एक्लै चुपचाप उसका गमनका पीडाहरू गमेर एकान्तमा पीडा बगाउन बाध्य छु । शारदाबाट पाएका सद्भावनापूर्णका व्यवहारले मलाई आजीवन ऋणी बनाई उसले । त्यसैले किस्तामा उसको अभावको पीडा भोग्न सायद विवश छु म । भुक्तानी नै हुन नसक्ने शारदाको मायाको सावाँले आक्रान्त छु म ।

शारदाले मलाई किन माया गरी म भन्न सक्तिनँ । अनि किन भन्ने यो प्रश्नको जवाफ मैले दिन सक्ने पनि होइन । अहिलेसम्म भौतिक छानामै रुमल्लिइरहेकी मैल भने शारदालाई किन माया गरें यसको जवाफ म आफूसँग पर्गेल्ने प्रयत्न गर्न सक्छु ।

•

मेरो अहिलेको वासस्थान घट्टेकुलोबाट सात मिनेटको पैदल बाटो हो मैतीदेवी । त्यहींको फेरोमा शारदाको घर छ । मेरा वरिपरि जति नै मानिसको भीडभाड भए पनि आत्मीय मानिसको खाँचो महसुस गरिरहेकी मलाई शारदाले आत्मीय व्यवहार दिई । जसका कारण म ऊ नजिक जान थालें । त्यसो त म मात्र होइन शारदाका धेरै आफन्त थिए, साथी सँगी धेरै थिए । ऊ सबैलाई माया बाँढ्न सक्ने दानी थिई । उसको त्यही दानी स्वभावमा मैले पनि आफ्नोपन पाएँ र म उसका घरमा जान र ऊसँग भेट्न सँधै लालयित हुन थालें । कतिसम्म भने घट्टेकुलोकै बजारमा पाइने सामान पनि म मैतीदेवी पुगेर किन्थें । अनि बीस मिनेटको समय पैदल हिंडाइमा खर्चेर उसँग पाँच मिनेट बिताउने लोभ बोकेर पनि म उसका घरमा पुग्थें ।

मित्रपार्कको पशुपति क्याम्पसको बिहानको कक्षा सकेर घर फर्किने मेरो बाटो पनि म उसैको घरको पार्दथें । त्यसैले क्याम्पस केही छिटो छुट्टी हुनासाथ 'शारदालाई भेट्छु' भनेर म हतारहतार उसका

घरमा पुग्थें । यस बेहोराले कहिलेकहिले त मलाई आफैंसँग लाज पनि लाग्थ्यो ।

"म किन यति धेरै शारदाका घरमा जान्छु ? उसले पनि के भन्ने हो ?" जस्ता कुरा पनि मेरा मनमा आउने गर्थे । कतिपटक उसलाई भेट्न पुगेका बेला ऊ उसका घरमा नहुँदा मलाई म आफैंदेखि रिस पनि उठ्ने गर्थ्यो ।

"म किन यसरी शारदा शारदा गरेर हुरुक्क हुन्छु । उसलाई पनि मेरो खाँचो हुनु पर्छ नि ! अब शारदाले खोजी नगरीकन म शारदाका घरमा आउनेछैन ।" म आफैंले आफूलाई यसरी आदेश दिन्थें र त्यसपछि म शारदाको घर जान छोड्थें ।

मेरो यस्तो मानस गुम्फन शारदालाई थाहा हुने कुरा पनि भएन । तर म निकै दिनसम्म नै शारदाका घरतिरको बाटो बिर्सने प्रयत्न गर्थें । केही दिन बितेपछि शारदाको घरबाट नै फोन आएको मेरो टेलिफोनको कलर आइडीमा ४४१७३४९ देखिंदा मलाई हुनसम्मको खुसी लाग्थ्यो ।

"दिदी किन यसरी माया मारेको हौ ?" अनि ऊ आफ्नो उन्मुक्त हाँसो हाँसिदिन्थी ।

"आजकल क्याम्पस छैन कि क्या हो ? आफूलाई कस्तो नियास्रो लागिसक्यो, किन फर्किंदा नपसेको ?" यस्तैयस्ता प्रश्न पोखिदिन्थी ऊ । उसको 'नियास्रो' शब्दले मेरो मानसमा निकै मीठो धक्का पुऱ्याइदिन्थ्यो । वास्तवमा मलाई नै पनि शारदाको नियास्रो लागिसकेको हुन्थ्यो । उसले मेरा लागि आग्रह पस्किनासाथ मेरै अपेक्षाका कारण कमजोर बनेको मेरो मानस भत्किन्थ्यो र आफैंसँग रिसिन्थ्यो । अनि शारदासँग नभेटेर गल्ती गरेको आभास म मनमनै गर्थें र उसलाई 'आँउछु नि' भन्ने जवाफ दिन्थें । त्यसपछि फेरि मेरो मैतीदेवीको अड्डा सुरु हुन्थ्यो ।

म क्याम्पसबाट फर्कंदा नौदेखि साढे नौको बीचको समय हुने गर्थ्यो र म घर फर्किने समय साढे दसको हुने गर्थ्यो । लगभग एक घण्टाको समय ऊसँग बिताएर क्याम्पसबाटै भर्खर फर्केको भान गर्दै म घर फर्किन्थें । म उसका घरमा पुगेका बेला ऊ भात भान्सामा लागेकी हुन्थी । छोरी सुयशा र उसका लागि ऊ भात तिहुन पकाउँदै गफिन्थी । म उनीहरूको खानाखाने मेचमा बस्थें । कहिले मेरा लागि मात्रै, कहिले उसका लागि र सुयशाका लागि समेत उसले कालो चिया बनाउँथी । चिया पिउँदै हामी दुवै शारदाका भान्साघरमा व्यक्तिगतदेखि साहित्यिक, धार्मिक, राजनैतिक अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय गफमा रमाउँथ्यौं ।

कहिलेकाहीं नितान्त निजी कुरा गरेर हामी दुवै आपसमा वेदना साटासाट पनि गर्थ्यौं । विविध विषयमा आफूलाई मनले खाएका मानिससँग मनै खोलेर गफिनु पनि मेरो सोखमा पर्छ । अरू विषयमा जेजति, जसरी र जोसँग कुरा गरे पनि वेदना जो कोहीसँग साट्न सकिन्न । वेदना साट्न योग्य पात्र भएन भने, वेदनाको मर्म नबुझ्ने पात्रका अघिल्तिर वेदना पोख्न पुगियो भने आफ्नो वेदनाको धज्जी उड्न सक्छ । वेदनाले मानिस जति पिरिन्छ, त्यसभन्दा बढी आफ्नो वेदनाको धज्जी उडेको हेर्नुपर्दा मानिस दुखिन्छ । मलाई अहिले लाग्छ शारदाबाट यही वेदना साटासाट गर्न सकिने विश्वसनीय मानिसको खाँचो पूरा गर्दो रै'छु म ।

'दिदी, आज त यहीं भात खाएर जानु न है !' प्राय: उसको आग्रह हुने गर्थ्यो ।

'भात त खाँन्न । मैले घरमा पुगेर नब्बे वर्षकी मेरी सासूलाई भात पस्केर खुवाउनुपर्छ । मेरी मानसपुत्री सुमी चौधरीले मेरो भान्सामा सघाएको कारण मेरो भागमा त्यति मात्र दायित्व छ । नत्र यसरी तिमीसँग गफिएर बस्ने अनुकूलता नै मसँग हुने थिएन । त्यसैले भात खानचाहिँ मिल्दैन' उसको भात खाने अनुरोध अस्वीकार गर्ने सन्दर्भमा

म सँधै नै एकैनासे जवाफ दिन्थें र त्यसपछि ऊसँग बिदा लिन्थें । उसले पकाएको भात खाइदिए हुन्थ्यो भन्ने उसको आग्रह मैले कहिल्यै पूरा गर्न सकिनँ ।

त्यसो त ऊसँगको परिचयकै प्रथम चरणमा मैले उसका घरमा उसले पकाएको तीन छाक भात पनि खाएकी छु । किनभने त्यसबखत मेरो भान्सामा भात खाने र मैले ख्वाउनुपर्ने पनि कोही थिएनन् र मलाई एक्लै भात पकाएर खान जाँगर चल्दैन पनि । अनि त्यसताका मलाई कसैले बिहानको छाक भात खान बोलाइदिए पनि हुन्थ्यो भन्ने मनस्थितिमा पनि म हुन्थें । त्यसैताका मलाई माया गरेर दुई छाक भात खुवाउने शरच्चन्द्र भट्टराईकी पत्नी कमला राईलाई र त्यसबेला मेरै छिमेकमा घर भएकी नन्द दुर्गा सिटौला र जुवाईं चेतन सिटौलालाई पनि मैले सम्झनुपर्ने हुन्छ ।

‘शरच्चन्द्र भट्टराईको इतिवृति’ नामक ग्रन्थको सम्पादनका क्रममा त्यसताका कमलादिदीसँग मेरो निकै घनिष्ठता भएको थियो । तर पछि किन हो कुन्नि उहाँले नै हामीलाई माया मार्नुभयो । त्यति मिहिनेत गरेर हामीले सम्पादन र प्रकाशन गरेको किताब उहाँले प्रेसबाटै उठाएर लानुभयो र हामीलाई एक प्रति पनि दिनुभएन । त्यस पुस्तकका सन्दर्भमा हामीले उहाँ समेतका सहभागितामा लेखकसँग वाचा गरेका अरू सबै दायित्व पनि उहाँले निर्वाह गर्न रुचाउनुभएन । कमला दिदीको हामीप्रतिको परिवर्तित व्यवहारले हामीलाई दु:खी पारेको सत्य हाल मैले यहाँ अलिकति उद्घाटित गरेकी हुँ ।

•

शारदाले मेरो उन्नति प्रगतिमा चासो लिएको कुरा मेरा लागि झनै महत्त्वको छ । म गोरखापत्र संस्थानमा कार्यकारी अध्यक्ष भएको समाचार सुनेर म भन्दा बढी खुसी भएकी थिई शारदा । त्यस बेलाको उसको उत्साह खपिनसक्नुको थियो । एउटै आमाका पेटबाट जन्मिएका दिदीबहिनीभन्दा बढी मप्रतिको समर्पण मैले उसमा त्यसैबेला

देखेकी हुँ । गोरखापत्रमा मैले के कसरी गर्ने भन्ने विषयमा मलाई सुझाउ दिन पनि ऊ पछि पर्दैन थिई । त्यति मात्र होइन मैले ध्यान गर्ने गरेको कुरालाई लक्ष्य गरेर 'घरमा फुर्सत भएन भने अफिसमै भए पनि भित्रबाट ढोका लगाएर केही बेर ध्यान गर्नु है दिदी, नत्र गाह्रो पर्छ' ऊ मलाई सुझाउँथी ।

मेरो व्यक्तिगत कुरा काट्ने र मबारे नकारात्मक कुरा गर्नेको शारदाले सातो लिएको कुरा पनि कतिपयले मलाई सुनाउने गर्थे । मेरो विरोध गरेका आधारमा कतिपय मानिससँग उसको सम्बन्ध चिसिएको पनि मलाई थाहा छ । मैले कतिपटक उसलाई सम्झाएकी पनि हुँ, 'भैगो छोड्देऊ न शारदा, किन तिनीहरूसँग रिसाउँछौ, आआफ्नो बुद्धि र विवेक अनुरूपको सोच हुन्छ नि मानिसको !'

मेरो लेखनसँग पनि शारदालाई खुबै माया थियो । सङ्गठनात्मक गतिविधिमा मेरो व्यस्तताका कारण मेरो सृजनशीलता घट्दै गएको कुरालाई पनि ऊ लक्षित गर्थी । 'दिदी बाँच्ने भनेको त सिर्जना नै हो है, अरू कुरा त आँखाअधिका मात्र हुन्, आँखा बन्द भएपछि पनि बाँच्ने सिर्फ सिर्जना हो, तपाईंले सिर्जनालाई समय दिनै पर्छ ।' यस्ता कुरा मसँग ऊ निकै डटेर गर्थी । यसो भनिदिए जस्तो गरेर मात्र भन्ने उसको बानी थिएन । शारदा जे गर्थी मनैले गर्थी । 'मुखमा राम राम...' खाल्की मानिस ऊ थिइन । त्यसैले पनि ऊसँग मेरो घनिष्टता बढेको हो जस्तो मलाई लाग्छ । मप्रतिको ईर्ष्यारहीत उसका यस्ता कुराले मलाई प्रेरणा दिन्थ्यो । मलाई धुमधाम माया गर्छु भनेर नारा लगाउने मानिसले पनि मेरो सिर्जना घटेको कुरालाई पटक्कै महत्त्व नदिएको पक्षले आक्रान्त मलाई शारदाका यति कुराले पनि निकै राहत दिन्थ्यो । सिर्जना गर्ने नगर्ने त मेरो हिस्साको कुरा हो तर कसैले त्यतातिर पनि औंल्याइदिंदा कोही मलाई साँच्चै माया गर्ने, मेरो सर्जक व्यक्तित्व र मेरा सृजनालाई रुचाउने अनि मेरो भलो चाहने मानिस पनि रहेछ भन्ने अनुभूतिले सृजनातर्फ प्रेरित पार्दो रहेछ ।

शारदासँगको मेरो घनिष्ठताका सबै कारण पर्गेल्नु अब मेरा लागि त्यत्ति सहज पनि छैन । यसबेला सबै कुरा सम्झेर लेख्न पनि सम्भव नहुँदो रहेछ । तर यति चाहिं सत्य हो, छोटो समयमा मसँग धेरै घनिष्ट भएकी मानिस हो शारदा । मसँग मात्र नभएर मेरी कान्छी छोरी अनुकृतिका (जसलाई हामी तान्तु भन्छौ) समेतको दशैंको टीका थाप्ने घरमा रूपान्तरित भएको थियो शारदाको घर । एकपटक काठमाडौंको वालुवाटारस्थित ओशोको ध्यानकेन्द्रमा शारदाले केही साहित्यकारहरूलाई समेत बिहानदेखि दिनभरिका लागि ध्यानमा समेटेकी थिई । त्यसबेला तान्तु र म त्यहाँ सहभागी भएका थियौं । त्यसपछि तान्तुलाई चाहिं उसले सौराहामा नै तीनदिने ध्यानशिविरमा पनि पुऱ्याएकी थिई । लेखनकी बालसाहित्यकार मात्र नभएर वास्तविकतामा नै बालबालिकालाई माया गर्न समेत ऊ खप्पिस थिई । हाम्रो छोरा कञ्चनजङ्घाको बिहेको घरेलु कार्यक्रममा उत्साह, उमङ्ग र हार्दिकतापूर्वक ऊ संलग्न भएकी थिई ।

'दिदी, बुढेसकालमा त हामीसँगै बस्ने व्यवस्था मिलाउनुपर्छ है !' ऊ मसँग भन्ने गर्थी । काठमाडौंबाट अलि बाहिर जमिन किन्ने अनि ससाना घर बनाएर, बरबगैंचामा रमाउने गरी बस्नुपर्छ भन्ने हामीमाऊ योजना हुने गर्थ्यो । हामी योजना बनाएका बनाएकै हुँदा रहेछौं र हाम्राबारे योजना बनाउने सर्वोच्च योजनाकारका लागि हाम्रा योजनाको अर्थ बच्चाले खेल्न बनाएको नदी किनाराको बालुवाको घर जत्तिको महत्त्वको पनि नहुँदो रहेछ । उसलाई जतिबेला मन लाग्यो त्यतिबेला हाम्रा योजनालाई भत्काइदिंदो रै'छ । बच्चाले त फेरि पनि बालुवाको घर बनाउन सक्छ तर हामी सर्वोच्च योजनाकारका अघि निरीह भएर भत्केको योजना हेर्न मात्र बाध्य हुँदा रै'छौं । हामी बीचको योजनालाई सर्वोच्च योजनाकारले त्यसरी नै भत्काइदियो ।

पछिल्लो समय ऊ साझा प्रकाशनको सञ्चालक सदस्यमा निर्वाचित भएकी थिई । ऊ बालसाहित्य समाजकी पनि सदस्यसचिव

थिई । यी दुई संस्थाबाहेक ऊ ओसोमा पनि निकै भिजेकी थिई । 'दिदी, मैले कत्ति धेरै लेख्नु छ, तर म बरालिएको बरालिएकै छु , मैले विश्वविद्यालयबाट विद्यावारिधि गर्नका लागि लिएको बिदा पनि सकिन लागिसक्यो । तपाईं मलाई बेला बेलामा नबरालिई भनेर गाली गर्नुस् न है !' मलाई पनि उसले आफ्ना लागि मैले जसरी नै साँचेकी थिई । मलाई उसले अभिभावकको अधिकार दिएकामा म दङ्ग पनि पर्थें र साँच्चै नै उसलाई बेलाबेला मायालु पाराले हप्काउने पनि गर्थें । अझ कतिकति दिनसम्म ऊ ओशोको ध्यानशिविरमा हराउँदा म साच्चै नै उसलाई हप्काउँथे । हुन त कहिलेकाही मलाई पनि त्यसरी हराउन मन लाग्ने गर्छ तर शारदासँग भेट्न नपाएको र सायद उसको स्वतन्त्रताप्रति भित्रभित्रै लोभिएर एकप्रकारको ईर्ष्याभाव पनि ममा आएको हुनुपर्छ । यी सब आफूभित्र र अझ भित्रका कुरा म शारदालाई भन्न सक्दिन थिएँ । भन्न नचाहेको भन्दा पनि कतिपय यस्ता कुरा त्यतिबेला थाहा पनि हुँदो रहेनछ, पछि निकै पछि आफ्नो त्यसबेलाको व्यवहारबारे खोतलखातल पार्दा भेटिने कुरा हुँदा रहेछन् । भँडारमा आफैंले धेरै अघि राखेर बिर्सेको सामान फेला परेजस्तो हुँदो रै छ कति कुरा त !

'के तिमी जोगी हुने अब ? ओशोमा लाग्ने मानिस एकोहोरिन्छन् रे , तिमी पनि एकोहोरिन बेर छैन । म त तिम्रो लक्षिन निको देख्दिनँ है ! हेर शारदा ! तिमी राम्रो साहित्यकार, तिमीले धेरै लेख्नु छ , यता उता नबरालिऊ है !' मेरा यस्ता कुरा सुनेर ऊ रिसाउँदिन थिई, बरु मेरा कुरा सकार्थी र अब सबै कुरामा विचार पुऱ्याउने र एकदमै लेखनमा मन लगाउने मसँग वाचा गर्थी । तर यो वाचा उसले पूरा गरिन किनभने उसको व्यस्तता घट्नेक्रममा कहिल्यै आएन ।

'नेपाली साहित्यमा महिला समालोचकको अभाव तिमीले पूरा गर्नुपर्छ शारदा !' म उसलाई भन्ने गर्थें । तिमी गहिरो अध्येता छौं, लोभीपापी छैनौ, ध्यानी भएका कारण एकै आसनमा घन्टौं अध्ययन

गर्न सक्छ्यौ । नेपाली विषयकै अध्यापकीय अनुभव पनि तिमीले लेखनमा घोल्न सक्छ्यौ । 'शारदा शीर्षस्थ महिला समालोचक बनोस्' भन्ने मेरो सपना थियो ।

प्रसिद्ध उपन्यासकार दार्जीलिङ निवासी विन्द्या सुब्वाको उपन्यास 'निर्गमन' पढेपछि मैले सो उपन्यासको बयान शारदासँग गरेकी थिएँ । उसले मेरो बयान सुनेर 'निर्गमन' पढ्न मन गरी र मैले उसलाई सो पुस्तक पढेर फिर्ता गर्ने सर्तमा दिएकी थिएँ ।

'दिदी 'निर्गमन' पढ्ने मात्र हैन मलाई त त्यस उपन्यासले यति छोयो कि मैले त्यसबारेको एउटा रचना लेखेर 'गरिमा'लाई बुझाइ पनि सकें ।'

एक महिनापछिको भेटमा आफ्नो स्वभाविक हाँसोका साथ उसले मलाई भनेकी थिई । गरिमामा उसको उक्त लेख पढेपछि निर्गमनका बारेमा केही लेखौंला भन्ने मेरो विचार तिरोहित भएको थियो । शारदाको समालोचकीय लेखनको प्रतिनिधि रचना हुनुपर्छ उक्त समालोचना भन्ने मलाई लाग्छ ।

शारदा बालसाहित्य भनेपछि मरिमेटेर लागेकी थिई । बालसाहित्यका एक दर्जन कृतिले शारदा ढकाल अधिकारीलाई नेपाली बालसाहित्यको क्षेत्रमा अजम्बरी नै बनाएको छ । बालसाहित्य समाजको उत्थानका लागि पनि उसको योगदान अविस्मरणीय छ । अन्ततः उसको भौतिक चोला अन्त्यको कारक पनि बालसाहित्य समाज नै बन्यो ।

साझा प्रकाशनको देशव्यापी अध्ययन भ्रमणमा पनि उसले निकै जिल्लाको भ्रमण गरेकी थिई । साझा प्रकाशनको चौतर्फी स्तरोन्नतिका लागि ऊ दिलोज्यानले लागेकी थिई । साझा प्रकाशनका ठूल्ठूला समस्या मात्र नभएर त्यहाँका ससाना समस्याले पनि पिरिन्थी

ऊ । साझालाई एकदमै गतिलो संस्था बनाउने होडमा भिडेकी थिई ऊ । त्यसैले ऊ जुन बेला पनि साझा, साझा र साझा नै गरिरहन्थी ।

शारदा घरमानै होली कि भनेर म उसका घरमा बेलाबखत पुग्ने गर्थें तर उसको जीवनको पछिल्लो धेरजसो समय काठमाडौं बाहिर नै बित्ने गरेको थियो । दिनदिनै जसो बस दुर्घटनाका समाचार सञ्चरमाध्यममा छाउँदा पनि मलाई उसको यात्राले सन्त्रस्त पार्थ्यो । टाढाटाढाका यात्राबाट पनि ऊ सकुशल फर्केको समाचार पाएर मलाई ढुक्क हुन्थ्यो । तर त्यसबेला हामी दुवैलाई थाहा थिएन, शारदाको अनन्त यात्रा उसकै घर छेउ कै अर्थात् काठमाडौंकै चावेल चोकको दुर्घटनाबाट नै प्रारम्भ हुनेछ । छद्मभेशी मृत्यु कहाँनेरी लुकेर बसेको हुँदो रहेछ ? त्यस छलीले कुनबेला कसलाई नफुत्किने अँगालोमा गल्र्याम्म बेर्ने हो ? कसैलाई थाहा नहुने रहेछ ।

साँच्चै भन्ने हो भने मेरो स्वार्थले उसलाई काठमाडौं बाहिर गएको पटक्कै मन पराउँदैनथ्यो । 'कति बाहिर जान्छ्यौ शारदा तिमी पनि ?' म उसलाई मायाको लगाम लगाउन खोज्थें ।

'आ ... दिदी, मलाई त बाहिरबाहिर जाँदा नै रमाइलो लाग्छ । बरु तपाई पनि जौं न !'

ऊ मलाई नै आफूसँगै लैजान खोज्थी ।

'यसो बाहिर जाने मिलाउनु न दिदी, मन मिल्नेमिल्ने हामी दुईचार जना कतै जाउँ न, कत्ति रमाइलो हुन्छ । कति यो काठमाडौंमा बस्नुहुन्छ !'

ऊ मेरा सामु यत्ति प्रस्ताव राखेर आफ्नो सदावहार उन्मुक्त हाँसो हाँसिदिन्थी । म बन्धनमा बाँधिएर उकुसमुकुसिएको रुन्चे हाँसो फिस्स गर्दिन्थें ।

कतिपटक उसका घरमा म पुग्दा उसको ढोकामा बढेमाको भोटे ताल्चा झुण्डेको पाउँथे । आफ्नो अपेक्षामा तुषारापात भएको

अनुभूतिले मलाई साह्रै नरमाइलो लाग्थ्यो । उसको घरका डेरावालबाट त्यसबेला ऊ काठमाडौ बाहिर गएको म जानकारी पाउँथैं । अनि आफ्नो स्वार्थ पूरा नभएकोमा मन कुँडाउँदै घर फर्किन्थें । केही दिनपछि उसको घरबाट मेरा लागि पूर्ववत् उसको फोन आउँथ्यो । मेरो ऊसँगको गुनासो उसको उन्मुक्त हाँसोले भगाइदिन्थ्यो । त्यसको लगत्तैजसो र धेरजसो चाहिं समय चोरेर नै म उसका घरमा पुग्थें । झन्नै झन्नै प्रेम गरिएको विपरीत लिङ्गी मानिसलाई लुकीलुकी भेट्न गएजस्तो खुसुक्क म उसका घरमा पुग्थें । त्यसबखत हामी पूर्ववत् मन खोल्थ्यौं ।

सँधै भात भान्सामा, कहिले ढल मर्मत, कहिले चोक मर्मत, कहिले बिजुली मर्मत, कहिले आफ्नो लागि र कहिले छोरीका लागि डाक्टरसँगको परामर्शमा आदिइत्यादि गृहस्थीका सम्पूर्ण बोझ एक्लै बोक्न बाध्य शारदालाई फुर्सदिलो मैले कहिल्यै देखिनँ ।

•

२०६५ साल कात्तिक २४ गतेको त्यस हत्यारा दिन बाँसबारीको न्यूरो अस्पतालमा निर्धक्क, निश्चिन्त लडिरहेकी शारदालाई, 'आज तिम्रो केही काम बितेको छैन शारदा !' मनैमनमा रुमल्लिएको प्रश्न मैले उसलाई सोध्न पनि सकिनँ ।

'दिदी, थाहा छ ? संस्मरण लेख्ने कुरा त मसँग कति जम्मा भइसकेको छ कति !' एकपटक यसो भनेर उसले हाँसेको उन्मुक्त हाँसो अहिले पनि म सम्झिँदै छु । तर शारदाले मसँग धुमधाम बेइमानी गरी, उसले मेरा बारे गतिलो संस्मरण लेख्ली भन्ने कल्पनामा रमाउने मलाई नै उसले उसका बारे शोककाव्य लेखाइछाडी ।

शारदा काठमाडौं बाहिर गएका बेला झैं अहिले पनि उसको घरको ढोकामा भोटे ताल्चा नै झुण्डिएको छ । तर यो भोटे ताल्चा खोल्न अब ऊ कहिले पनि फर्किनेछैन । यात्रा मन पराउने शारदा

यत्ति छिट्टै अनन्त यात्रामा गएको मेरा लागि रुचिकर छैन । तर अब शारदाको भौतिकतासँग झगडा गर्न पनि त मेरा लागि असम्भव भएको छ । यिनै विवशताका गाथा मैले यस लामो कविता 'शारदा' मा व्यक्त गरेकी छु । प्रस्तुत 'शारदा' मेरो शारदासँगैको गुनासो र आत्मगुम्फन मात्र नै हो । असमयमा बितेकी आफ्नी प्रिय मानस बहिनी (?) शारदालाई दिएको काव्यिक श्रद्धाञ्जली मात्र हो यो । अरू त म निरीह प्राणी के नै गर्न सक्छु र ? अप्रत्यासित बितेकी उसप्रतिको विरहका कुरा मैले यस लामोकविता 'शारदा'मा व्यक्त गरेकी छु ।

प्रस्तुत लामोकविता 'शारदा' शारदाले भौतिक चोला बिसाएका दिनदेखि १३ दिनभित्र मैले लेखेकी हुँ । त्यसपछि यो त्यत्तिकै थन्कियो । मलाई जतिपटक शारदालाई सम्झियो त्यतिपटक आँसु मात्र आउने भएकाले मैले यो कृति दोहोऱ्याएर पढ्न पनि त्यति साह्रो सकिनँ । ऊ बितेपछिका हरेक वर्ष उसको जन्मदिन मङ्सिर ३ गते मलाई लाग्थ्यो मैले 'शारदा' छाप्नुपर्ने हो । तर मेरो साहसले यस कृतिको पाण्डुलिपितर्फ मलाई लैजाँदैनथ्यो । यदि मेरा सहयात्री नरेन्द्रराज प्रसाईले मलाई घच्घच्याई नरहेको भए सायद यो कृति अँध्यारोमा नै रहन्थ्यो पनि होला ! प्रकाशनको सम्पूर्ण चाँजोपाँजो नमिलाई दिएको भए 'शारदा'लाई म यसरी यतिबेला ल्याइपुऱ्याउदिन थिएँ होला । मलाई मात्र नभएर मेरो रचनालाई पनि धुमधाम माया गरेर जहिले पनि मलाई हौस्याउने नरेन्द्रलाई म फेरि के भनूँ ? धन्यवादको औपचारिक शब्द उनका लागि बनेको हो जस्तो मलाई लाग्दैन ।

साथै यस काव्यकृतिमा परेका पात्रहरू र शारदालाई हामी माऊबाट खोसेर लैजाने त्यस क्रुर समयलाई समेत कृति जन्मप्रतिको आभार प्रकट गर्छु ।

**• इन्दिरा प्रसाई**

# शारदा

# शारदा

तिम्रै ॐकार*का सामु छु
तिम्रै स्मृतिले विह्वलित छु
यो कस्तो अधुरो साथ तिम्रो
यो कस्तो प्रगाढ स्नेह तिम्रो
कसै गरे तिम्रो छवि
मेरा मानसबाट पन्साउन सक्तिनँ
यही ॐकारमा तिमी विलय भयौ भनेर
यस बेला यहीँ तिमी पाइरहेछु ।
यो स्नेह तिमीलाई
तिमी शारदा ! मैले माया गरेकी
तिमी शारदा ! मलाई माया गर्ने
यो भावगङ्गा सबैसबै तिमीलाई ।

* शारदाबाट उपहार प्राप्त 'ॐकार' लेखिएको फ्रेम

## १.

चितारनी दन्किरहेछ
दनदन तिम्रो उत्साहजस्तै
कर्तव्यपथमा अघि बढिरहेछ
एकदमै तिमी नै तिमीजस्तो
उज्ज्वल तिम्रो मुहारजस्तो

हरिशयनी एकादशीको दिन
पशुपति आर्यघाटको ब्रह्मनाल
तिम्रै स्वागतमा सिँगारिएको
सयपत्रीका माला टाँगिएको
पार्श्वमा शिवताण्डवस्तोत्र
सायंकालको भजनले गुञ्जायमान
पाशुपतक्षेत्र ।

चिताग्नि नाचिरहेछ
पञ्चतत्त्वमा तिमीलाई मिलाउन
हतारिइरहेछ, हुरहुरी दौडिइरहेछ

कस्तो हुरहुरी दन्किएको
तिम्रो काननकञ्चन मानसजस्तो ।

## २.

‘बस्नु न बस्नु
एकैछिन बस्नु
कस्तो जहिले पनि
तपाईंलाई हतार !’
भनिथ्यौ त्यस दिन पनि
तर मलाई फुर्सत भएन
तिम्रो मुहार
राम्ररी हेर्दा पनि नहेरी
म बिदा भएँ तिमीसँग
मलाई के थाहा
त्यही हाम्रो अन्तिम भेट
मलाई के थाहा
मलाई हैन रहेछ
फुर्सत तिमीलाई थिएन ।

## ३.

*शैलेन्दुको फोनपछि
तिम्रो भौतिक चोलाको
आश मरेछ मभित्र
सम्हाल्नै सकिनँ त्यसैघडी
'आस छैन भन्छ डाक्टर'
उसले भनेथ्यो ।
नरेन्द्रको साथमा
न्यूरो अस्पताल बाँसवारी
गन्तव्य थियो हाम्रो ।
बाटोभरि मरेको मनले
तिम्रा लागि भाकल गरिरहेँ
'सकारात्मक सोच्नुपर्छ'
भन्थ्यौ तिमी
सोचिरहेँ
'शारदा मर्दिन
मर्दिन शारदा'
उसले अझ धेरै गर्नु छ
उसले अझ माथि पुग्नु छ ।

---

* शैलेन्दुप्रकाश नेपाल

## ४.

*तान्तु ! प्रार्थना गर
आन्टीका लागि
*नमिता ! प्रार्थना गरिदेऊ
शारदाका लागि
अनुनय गरेँ उनीहरूसँग
विनय गरिरहेँ ईश्वरसँग
'उसलाई केही हुँदैन'
ऊ बाँच्छे अरू केही वर्ष
छोरी *सुयशाका लागि उसले बाँच्नुपर्छ
बाल साहित्यको विकासका लागि बाँच्नुपर्छ
समग्र साहित्यका लागि बाँच्नुपर्छ
एउटी असल र योग्य गुरुआमा शारदा !
उसले समग्र समाजका लागि
बाँच्नै पर्छ ।
मैले प्रार्थना गरिरहेँ, गरिरहेँ
त्यस दिन घट्टेकुलोदेखि बाँसवारीसम्म
धेरै टाढा, अति टाढा
संसार शून्य भएको थियो
सम्पूर्ण यात्रा सुनसान भएको थियो ।

---

* अनुकृतिका
* नमिता सिंह
* सुयशा अधिकारी अर्थात् शारदाकी छोरी

## ५.

‘छैनन् शारदा’
शैलेन्दुले भने
विजय चालिसे र विश्वम्भर चञ्चल
एकै स्वर मिसाएर भन्छन्
‘गई शारदा’
नवराज कार्की र अरूअरू सबै
चुपचाप चुपचाप
सबैको मुहार
सबैको भाव
‘उफ् छैनन् शारदा !’

साँच्चै अब छैन शारदा !
आफैँले आफूलाई सोधिरहेँ !
विश्वासै भएन
कसरी छैन शारदा !

## ६.

सुयशा ! निस्तब्ध
जड भएकी छ ऊ जड
अँगालोमा बाँधेर भक्कानिएँ
'कसरी भयो यस्तो !'
आँसुले प्रश्न गरेँ
आवाजले प्रश्न गरेँ
के भनोस् वज्रभोक्ता सुयशा
के गरोस् नियति प्रताडिता सुयशा ।

उफ् ! ईश्वर तिमी कहाँ छौ !
किन यो निर्दयिता सुयशामाथि
किन निष्ठुर भयौ
यो किशोरीको कोमलतामाथि !

## ७.

‘ध्यानमा गएकी हुनुपर्छ
ऊ ध्यानी हो
ए ! राम्ररी जाँच्नु भन्नु डाक्टरलाई
होइन, ऊ पक्कै गएकी छैन ।’
विजय दाइलाई भनें
विश्वम्भर दाइ र नवराजदाइ
अनि शैलेन्दुलाई पनि भनें ।

‘सम्हाल्नुपर्छ आफूलाई
छोरीलाई गाह्रो हुन्छ ।’
नवराजदाइले भन्नु पनि भयो
तर मेरो मानस
शारदासँगको वियोग
धान्नै नसक्ने थियो
म कसरी सम्हाल्नूँ आफूलाई
कसरी अनायसै बिदा गरूँ शारदालाई !

## ८.

'मन मिल्ने मान्छे
कुरा मिल्ने मान्छे
कुनै यात्रामा सँगै जान पाए !
कस्तो रमाइलो हुन्थ्यो
है दिदी !' भन्थी ऊ !

'तर तपाईंलाई !
खोई कहिल्यै फुर्सत छैन
यसो मिलाउनोस् न क्या'
गिज्याउँथी मलाई ऊ ।

अधुरो रह्यो हाम्रो साथ
क्षणिक रह्यो हाम्रो साथ
मलाई पहिले फुर्सत भएन
अहिले उसलाई फुर्सत छैन ।

एक्लै अनन्त यात्रामा
हिँडिसकेकी छ शारदा !

## ९.

“आउ न मोरी
कत्ति कुरा गर्नु छ’
भनेकी थिई उसले
तर मैले समय निकाल्न सकिनँ
म आफूलाई माफ गर्न सक्तिनँ
जीवनभरिलाई मलाई पुग्यो
अब म उसलाई कहाँ भेटौँ
आफ्नो स्पष्टीकरणै पनि
कसरी र कहाँ दिउँ ?”

प्रमिला* रोइरही
गुनासो हामीसँगै रह्यो
हामीसँगको उसको यात्रा
बीचैमा भङ्ग भयो
बाटो फेरि उसले
साथ छोडी उसले

भैगो अब नरो प्रमिला !
अरू के गरौँ हामी
भन त शारदा !

---

* प्रमिला उप्रेती

## १०.

'दिदी मसँग त
थुप्रैथुप्रै संस्मरण जम्मा भयो
तपाईंबारे लेख्ने सामग्री
धेरैधेरै भयो'
गिल्याउँथी मलाई शारदा
'हो नि ! तिमीले नलेखे कस्ले लेख्ने'
म पनि भनिदिन्थेँ ।

आज म लेख्तै छु
यही ॐकार भित्र चोपलिएर
आनन्दसँग ऊ हेर्दै छ ।

तिम्राबारे के लेखुँ शारदा !
मन्दमुस्कान छरेर ओठमा
चकचके बालक जस्तै
चियाएर हेर्दै छे ऊ मलाई ।
त्यही ॐकार भित्रबाट ।

## ११.

‘कुन वेला यो धर्ती छोड्नुपर्छ
किन आरिस गर्छन् मानिसहरू
किन अहङ्कार गर्छन् मानिसहरू
लोभको पराकाष्ठा देखेर दिदी
दिक्क लाग्छ मलाई ।’
वार्ताका क्रममा भन्ने गर्थी शारदा
‘हो जान तयार बस्नुपर्छ
केको रिसराग, लोभ र घमण्ड ।’
म पनि सही लगाइ दिन्थेँ ।
‘हो दिदी कुनै पनि वेला
जानका लागि म पनि तयार छु ।’
भनेकी थिई शारदाले ।

यसरी अचानक
मभन्दा अघि लागेर नै
गइहाल्छौ तिमी भन्नेचाहिँ
सोच्नै सकिनछु मैले शारदा !

## १२.

अनकन्टार न्यूरो अस्पताल परिसरमा
छ्याप्छ्याप्ती मानिसहरू देखेर
तिम्रो आर्जनसँग रमाएँ
नेपाली समाज
अझै कृतघ्न भइसकेको रहेनछ
भित्रभित्र आनन्दपूर्ण घमण्ड पनि भयो ।

साझा प्रकाशन, ओशो परिवार
पद्मकन्या क्याम्पस, बालसाहित्य समाज
साथीहरू, घरपरिवार
सबै रहेछन्, थुप्रै रहेछन्

तर अरूले के नै भयो र !
तिमी नै त्यहाँ थिइनौ शारदा !

## १३.

आर्यघाटमा पनि
भीड छ मानिसहरूको ठूलै भीड छ
प्रतीक्षारत छन् स्वजनहरू
त्रि.वि. शिक्षण अस्पतालमा
पोष्टमार्टम पनि गर्नुपर्ने
नीतिनियमका जटिलतालाई
मृत्युपछि पनि
उफ् तिमीले धान्नुपर्ने !

त्यसैले पर्खिरहे
तिम्रो नश्वर देह सबैले
अङ्कार र पाखण्ड बोकेका
उनीहरू पनि
आफ्नो अनुहार वाग्मतीतर्फ फर्काएर
कलुषित भाव लुकाउन खोज्दै
तिम्रो प्रतीक्षामा बसेका थिए ।

न्यासध्यानको मार्गबाट
अनन्तमा पुग्ने तिम्रो ध्येय
सायद त्यसैले जसलाई पनि
जस्तोलाई पनि
सहज स्वीकार तिम्रो लक्ष्य !

## १४.

किन भेटें तिमीलाई
यति छोटो तिम्रो साथ
अर्थहीन जीवनको अर्थ खोज्न
बारम्बार तिमीकहाँ किन पुगें ।

'एउटी असल विदुषीसँग
तिमीले सङ्गत गर्न पायौ
धन्यवाद देऊ तिम्रो समयलाई
धन्यवाद देऊ तिम्रो ईश्वरलाई'
भारती गौतमले अमेरिकाबाटै सुझाई ।

म कसरी धन्यवाद दिऊँ
ए निर्मोही ईश्वर !
भन तिमीलाई !

## १५.

नरेन्द्र* मेरो अनुहार हेर्न सक्तैनन्
तान्तु मेरा आँसुसँगसँगै
बगिरहन्छे बगिरहन्छे
प्रिया* त्यसैगरी भरिएकी छे
सुमी चौधरीका आँखा पनि रसाएका छन्

'आर्यघाटमै भए पनि भेट्छु आन्टीलाई
मैले भेट्नै पर्छ आन्टीलाई
दसैँको टीका अस्ति भरखर थापेको
कसरी जानुभयो उहाँ !
त्यस्तो मान्छेले
किन मलाई पनि माया गरेको !'

थुप्रै प्रश्न छन् तान्तुका
सौराहामा ओशो केन्द्रमा
शारदाको स्नेह पाएको उसको स्मृति
टड्कारो भएको यसवेला ।

सुयशासँग आफूलाई गाँसेर
सम्भाव्यसँग डराएकी छ तान्तु
बेस्सरी आन्दोलित भएकी छे ।

---

* नरेन्द्रराज प्रसाई
* प्रिया प्रसाई

## १६.

'दिदी नरुनु, सम्हाल्नु आफूलाई
महान् आत्मा थियो उहाँको
परमतत्त्वमा मिल्न जानुभयो
उहाँलाई कहीँ कतै बाधा हुन्न
उहाँ सरासर मिल्नुहुन्छ ।'
तिम्रो दन्केको चिता अघिल्तिर
नमिताले भनेकी थिई ।

रुने काँध चाहिन्छ भन्थी प्रमिला
हो म नमिताको काँधमा
धुमधाम रोइरहेँ, रोइरहेँ
नरेन्द्रको काँध चढेर तिमी
अन्तिम यात्रामा लम्किसकेकी
टुलुटुलु हेरिरहें ।

विवश नियतिचक्रको घेरामा
सायद तिम्रै नाउँमा
साँचेकी रै'छु आँसु
बुवाको मृत्युमा पनि
नपोखिएका आँसुहरू
बगिरहे, एकनास बगिरहे ।

## १८.

इन्द्रधनुषको मेला जस्तो
तिम्रो मेरो सम्बन्ध
आँखाले देख्न पनि नपाई
आकाशमै हराएजस्तो ।

निर्विकार निर्विघ्न भएकी
यस धराको स्वाद पनि
तिम्रो जिब्रोमा बस्यो बसेन
अनन्त यात्रामा हिँडिदियौ ।

कसरी निर्मोही बन्न सक्यौ ?
यस्तो अनन्त निद्रामा
कसरी पुग्न सक्यौ ?

ब्रह्मनालमा पुगेपछि
हाँस्तै उठ्छौ कि जस्तो लागेथ्यो ।

तर साँच्चिकै तिमी बिदा भइछौ
झूठै रहेछ संसार !
शारदा !

## १८.

'म अब कसैलाई माया गर्दिनँ
ए ! कसैले मलाई पनि माया नगर
यो छली मायाको फेरोमा
मलाई पर्नु पनि छैन, कोही नपर है अब !

कठोर भइ दिन खोज्छु म
'म जानुपर्थ्यो
मभन्दा दसवर्ष सानी ऊ गई'
उल्टो किन हुनुपरेकोथ्यो
मन पनि बुझाउन पाइएन ।

'उमेरको अर्थ छैन
मिति पुगेपछि जानैपर्छ
तिमीले नबुझेको छैन'
सम्झाउँछे भारती
इमेल पठाउँछे,
फोन गर्छे ।

मलाई अर्को मायाको साङ्लोले
बाँधिरहन्छे भारती !
म अछुतो बस्न सकूँला ! शारदा !

## १९.

‘कस्तो नियति सुयशाको’
मलाई उसकै सम्झनाले
बारम्बार सताइरहन्छ
‘शारदाको चीर निद्रा
अब भङ्ग हुँदैन
तर सुयशा !
उनले यसै परिवेशमा
बाँच्नुपर्छ
उभिनुपर्छ
दौडिनुपर्छ, विजयको निष्कर्षमा पुग्नै पर्छ ।

यी नरेन्द्रका चिन्ताका कुराहरू हुन्
सुयशासँगको उनको माया
पितृस्नेहको आभासले
गौरवान्वित हुन्छु म !

मानवता अझै बाँचेको छ
संवेदना अझै झाँगिएको छ
बुझ्यौ शारदा !

## २०.

कलेजी रङ
तिमीलाई मन पर्ने रङ
विद्रोहको पर्याय भएर
जताततै कलेजी रङ
ए विद्रोहिणी !
त्यस दिन तिम्रो टाउकोमा पनि
आफ्नै रक्तरङ पोतिछौ
अन्तिम यात्राको शृङ्गार पनि
कलेजी रङ !

बाटाघाटामा जब पनि
कलेजी रङको आवरण देख्छु
तिम्रै स्मृतिले पग्लिन्छ मन ।

के विघ्न छायौ तिमी शारदा !
निश्छल तिम्रो हाँसो
उदासी छोप्ने प्रयत्नमा
खित्खिताउँछ, खित्कासँगै
थाहै नपाई हरायौ तिमी !

## २१.

सधैँ व्यस्त
'कत्ति काम गर्नु छ
यो गर्नु छ
ऊ गर्नु छ
सबै गर्नु छ'
सधैँ व्यस्त तिमी !

आज निश्चिन्त सुतिछौ
अब कहीँ कतै
केही गर्नु छैन
ए ध्यानी !
कस्तो असमय
मस्त भएर निदायौ तिमी शारदा !

चितामा लमतन्न भएकी तिमीलाई
जुरुक्क उठाउन मन लाग्छ
नियतिका अघि विवश र निरीह भए पनि
एउटा खेल खेल्न मन लाग्छ ।

'ओहो दिदी ! कस्तो मग्न पो भइछु म त !'
भन्दै चिताबाट जुरुक्क उठिदिए
हुन्थ्यो नि शारदा !

## २२.

‘मलाई केहीले पनि
किन छुँदैन दिदी !’
प्रश्न गर्थ्यौ तिमी
‘युवा अवस्थामै
ठूलो शोक खप्यौ
त्यसैको प्रताडना हुनुपर्छ’
उत्तर दिन्थेँ म ।

यति छिट्टै महाप्रयाणमा
निस्कने रहिछौ
यति छिट्टै पञ्चभूतमा
समाहित हुने रहिछौ ।

मोह त्यागको तिम्रो प्रयास
सार्थक यात्राको
प्राग्बुनोट पो रहेछ शारदा !

## २३.

देश दौडाहामा कुद्थ्यौ
कहिले ध्यानका शिविरहरूमा पुग्थ्यौ
नित्यनिरन्तरको तिम्रो यात्रा
समाचार सुन्थैँ बस खसेको
दुर्घटनै दुर्घटनाका समाचार
सन्त्रस्त रहन्थैँ
तिम्रो लामो यात्राले सधैँ ।

त्यस दिन आफ्नै आँगन बाहिर
आफ्नै पछ्यौरीको माध्यमले
धराधाम पारी पुग्यौ
असहज जीवनयात्रालाई
सहज किनारा लगायौ ।

ए कुशल यात्री शारदा !

## २५.

खाउँखाउँ लाग्दैमा
भाँडामा रित्तिएको भोजनजस्तो
मीठो सपना देख्दादेख्दै
बिउँझिनुपरेको निद्राजस्तो
तिम्रो मेरो सम्बन्ध
एउटा रमाइलो यात्राको
पहिलो पाइला जस्तो ।

यसरी झुक्याउँछौ भन्ने थाहा पाएको भए
यसरी बिरानी हुन्छौ भन्ने चाल पाएको भए

म तिमीसँग नजिक आउने नै थिइनँ
तिमीसँग माया लाउने नै थिइनँ

किन निष्ठुरी भयौ शारदा !

## २६.

कति वेदना बोकेकी थियौ
पीडाका सुस्केरा
छातीभित्र दबाएर पनि
मुक्त हाँसो हाँसिदिन्थ्यौ ।

स्वजन पीडाका तिम्रा घाउहरू
देखाएकी थियौ कति पटक
ती अदृश्य घाउबाट बगेका
आलो रगतका छिर्काहरू
यसवेला पनि
मेरा आँखामा ताजै छन् ।

स्वार्थवस तिमी खोज्छु
बारम्बार तिमीलाई नै चाहन्छु
अपनत्वको खडेरी भोक्ता म
तिमीविनाको संसारमा
अपार रिक्तता बोध गर्छु ।

मेरो स्वार्थन्धता
तिम्रो मुक्तिगान गाउन सक्तैन शारदा !

## २७.

‘कोही पनि तिम्री मामु हुन सक्तैन
उसको जस्तो माया
तिमीलाई
कसैले गर्न सक्तैन सुयशा !’
सुयशाका आँसु पुछेर
मैले भनिरहेँ
‘म तिमीमा शारदालाई
समर्पण गर्छु
अब तिमी नै मेरी शारदा
अनि शारदाकी छोरी सुयशा’

सुयशा अर्थात् शारदा
शारदा अर्थात् सुयशा

यसरी मैले ठीक गरेँ शारदा !
तिम्रो अभावपूर्तिको
मेरो प्रयास
आफैँले आफूलाई
शान्त्वना दिने
एउटा उपाय हो !
यसै धरा धाममा
भ्रमित भइरहने
थप भ्रम हो यो मेरो !

## २८.

सबै उस्तै छ
अस्ति भरखरै त हो नि
तिमीले फेरेका
कलेजी पर्दाहरू
सेता पारदर्शी पर्दाहरू
उसरी नै टाँगिएका छन्
एकनास तिमीलाई खोजिरहेछन्
सुयशाले पोहोरको तिम्रो जन्मदिनमा
तिमीलाई दिएको उपहार
तिम्रा र सुयशाका
आयाम आयामका तस्बिरको
सुन्दर संयोजन
उसै गरी र उहीँ टाँगिएको छ
सबै छ, त्यहीँ छ
सुयशाको तस्बिर संयोजनप्रति
तिम्रो गौरवान्वित मुहार
सम्झिरहेछु अहिले पनि
तर तिमी मात्र तिमी
यहाँ छैनौ शारदा !
सबै भएर पनि केही नभएजस्तो
कोलाहलमाझको शून्यताले पीडित छु म शारदा ।

## २९.

आज चौथो दिन भइसकेछ
आजदेखि मैले पनि
आफ्नो दैनिकी सुरु गरेँ
समय चोरेर
समय उबारेर
तिमीलाई भेट्न जान्थेँ
प्रेमीप्रेमिकाको भेटजस्तै
घरपरिवारमा लुकाएर पनि
कैयौँ पटक तिमीलाई भेट्थेँ
कस्तो प्यास थियो मसँग
तिमीलाई भेट्नुपर्ने
एउटा आनन्द थियो त्यहाँ
मैले पुगेर रमाउनुपर्ने
अब त्यसो हुने छैन शारदा !

अनन्त यात्री तिमीलाई
मेरो मुटुको शून्यताको के खोजी र !
ए निर्मोही छली तिमीलाई
धराधामको के पत्तो र अब ।

## ३०.

अलिकति बौरिएकी छ सुयशा
यो रङ्गमञ्चमा
अब उसले पुन:
आफ्नो अभिनय
जारी राख्नै पर्छ
आज तिम्रो भाइ
डा.महेशको उपस्थितिले
तिमी नहुँदाको पीडामा पनि
आनन्द छायो
तिम्रो मूल्याङ्कन
पटक्कै फरक परेन
भाइहरू स्नेह परीक्षामा
अब्बल भए, मायाको डोरी समातेर
सात समुद्र पनि सहजै तरियो
मेरो मन तिमीसँग खुसी साट्न हतारिएको छ ।

आउ न शारदा एकैछिन बात मारौं न
आहा ! शारदा ! तिम्रा भाइहरू !

## ३१.

तिम्रो कसीमा उषा* खारिएकी छन्
उनका आँखामा पीडाको पोखरी
छचल्किन पनि सकेको छैन
पोखिन पनि सकेको छैन
कर्तव्यबोधको पहाडले
तिम्रो सग्लो अभिभारा
काँधमा बोकेर
सुयशाका खुसी खातिर
समर्पण भएकी छन्
सानी नर्वदा*को सोझोपन
उस्तै छ तर पनि
सम्पूर्ण तगाराहरू नाघेर
सुयशा खातिर
तिम्रै स्नेहपरेलीमा पोखिएछन् ।

आशा र आस्थाका आँखाहरू
तिमीले चाहेजस्तै
हाँस्ने छ सुयशा
मन निर्धक्क भएको छ ।

फूल मुर्झाउने छैन शारदा !

---

* शारदाकी माइली बहिनी
* शारदाकी कान्छी बहिनी

## ३२.

मुमाका अनुहारमा
कुनै जय र विजय छैन
तिम्रो ध्यानीचेतको प्रभाव हो यो ?
अथवा यसै स्वतस्फूर्त हो कि ?
पिताको शोकविह्वलता
एकान्तमा निस्सासिएको हुनुपर्छ
आफन्त, नाताकुटुम्ब
आश्चर्यजनक तिम्रो गमनले
अप्रत्यासित तिम्रो पलायनले
किंकर्तव्यविमूढ समय
बितिरहेछ, बित्नै पर्छ पनि ।

माइली* छक्क परी रे
आज किन धेरै मानिस भनेर
तर मालिक्नीको अनन्त यात्रा
हिंजैमात्र सर्लक्क भेटेको सम्झेर
प्रश्नको उत्तर कताबाट भेटोस् विचरी ।

कसलाई के सोधुँ ?
तिम्रो खित्का, तैपनि खोजिरहेँ शारदा !

---

* शारदाकी घरेलु कामदार

## ३३.

तेजप्रकाशले अनायस भोग्नुपरेको
सायद तिम्रै पूर्वजन्मको ऋण हुनुपर्छ
कस्तो मानसिकता भोगिरहे हुन्
नखाएको विष पनि लाग्न खोज्दा
कसरी समय बिताउँदै हुन्
बस ब्याक गरेर पनि
हत्या गर्ने चालक उम्कन्छ
जङ्गली कानुनको सीमित दस्तुर तिरेर
अनि तेजप्रकाश
अन्धो नहुँदा कानुन
बाहिरिने छन् छिट्टै उनी
तर लेखनको संवेदनशीलता धारक उनी
मानसिक यन्त्रणाको कठघरामा
जाकिएलान् तबसम्म !

यो देशको भविष्य ?
कस्तो हुने हो
यस्तै छ वर्तमान !

हामी गुनासिन्थ्यौँ नि है !
निरीह वर्तमानसँग
छटपटिन्थ्यौं नि शारदा !

## ३४.

‘कवचमन्त्र सिरानी नजिक रहेछ’
तिम्रो कोठामा पसेर
तान्तुले हेरिछ ।
‘त्यहाँ कतै आन्टी भएकैँ लाग्यो मलाई
उहाँको स्पर्श महसुस गरेँ मैले ।’
आज बिहान तिम्रो घरबाट फर्कंदा
तान्तुले भनी
‘हो त्यस्तै लाग्छ
माटो, बालुवा, हावा, घाम र पानीमा
जतातते उसको स्पर्श छ’
मेरा कुरामा टाउको हल्लाई उसले
‘तिम्रो बिहेमा खडकुँलो दिन्छु है’
सौराहामा आन्टीले भन्नुभएको थियो ।
किन आन्टी यसरी जानुभएको मम्मी ?’
अस्ति तान्तुले रुँदै भनेको सम्झेँ ।

हामीसँगको यात्रा तिम्रो
यति मात्र थियो शारदा !

## ३५.

आज कात्तिक पूर्णिमा
तिम्रो जन्मतिथि
तिम्रा लागि के उपहार दिऊँ ?
कैयौँ दिन अघिदेखि
ठहर गरिरहन्थेँ ।
हामी जन्मदिनका उपहार
केलाई रहन्थ्यौं ।

तिमीलाई मन पर्ने रातो कलेजी रङ
उनीको टोपी र मफलर
तिमीलाई कत्ति सुहाउला !
बन्दोबस्त गरेको
हप्ता दिन पनि पुगेको थिएन
तिमी नै बिलायौ
मेरो उपहार तुच्छ भयो
तिमी अनन्त भयौ ।

ए शारदा ! गहभरि अश्रु मात्र छ
अब कहिल्यै तिमी जन्मनेछैनौ
तिमीले जन्मनु पनि हुन्न यहाँ

जन्मतिथिको बधाई तिमीलाई शारदा !

## ३६.

‘प्रत्येक पल हाम्रा लागि
अन्तिम पल सम्झेर
अब हामीले जीउनुपर्छ
शारदाको यही सूचना
हामीले मनन गर्नुपर्छ
पालना गर्नुपर्छ ।’

भारती गौतमले तिमीबारे
निष्कर्ष निकालेकी छे ।

विह्वल हुनका लागि
करेसा जोडिनुको
खोई अर्थ ?
सूक्ष्म भेट र सात समुद्रपारी
भारतीको तिमीप्रतिको प्रगाढ विरह !

हो अब मलाई पनि त्यस्तै लागेको छ
शारदा गुरुमा !

## ३८.

आज मङ्सिर ३ गते
प्रिय शारदा
यो मङ्सिर महिना
म हरेक पटक आमा भएको महिना
मेरो अति प्रिय महिना
मङ्सिरको आगमनले मेरो मन
सदा पुलकित हुन्थ्यो
आज बिहानैदेखि
मेरो मन अशान्त छ
विद्रोही छ
तिम्रो विरहमा
रुन्नै रुन्नै विछिप्त भएको छ ।

बिहान तान्तुसँग पुगेँ
बेलुकी नरेन्द्रसँग पुगेँ
तिम्रो बैठकमा खचाखच भीड छ
तिम्रा नाताकुटुम्ब र आफन्तहरूको
कुँडुलो कुँडुलो छ
त्यहीँ टेबलमा तिम्रो तस्बिर
चुपचाप हाँसिरहेछ ।

आफन्तहरूको फुर्सत पनि
अचम्मको र महाअचम्मको हुँने रहेछ
बितेपछिको मायाप्रेम पनि
पत्याइनसक्नुको हुँने रहेछ
यो भीड तिमी दुखेको बेला ?
यो भीड तिमी छटपटिएको बेला ?
कहाँ थियो होला ?
सोधें खोजें मनमनै गुम्सिएँ मात्र ।

तिमी नहुँदाको कोलाहलले
मलाई तिम्रो अभावमा
खुबै चोटचायो
शारदा ! अब कहाँ पाऊँ तिमीलाई !

## ३८.

मलाई मन पर्ने बार आइतबार
बारहरूको जेठोबार आइतबार
जबदेखि तिम्रो हत्यारो भयो
अब तर्सिन्छु म आइतबारसँग !

कति छिटो बितेछ समय
टक्क रोकिएझैँ लागेथ्यो
त्यो आइतबार
फलाहारी, निराहारी एकादशीले
कसरी तिमीलाई रक्ताम्मे बनायो ?

अर्थहीन लाग्यो मलाई
सबै सत्य र असत्यहरू
शारदा ! निशब्द सन्नाटाभित्र
तिम्रा खित्का गुञ्जिरहे
म एकैछिन भ्रममा भए पनि
रमाइरहेँ । रमाइरहेँ ।

## ३९.

तिम्रा काखमा निदाउने सुयशा
अहिले भरखरै एक्लै उभिएकी छ
सहस्र चील र गिद्धहरूको आकाशमा
तिमी विहीन हुँदाका पीडामा
उदास उसका आँखाभरि
आँसु पनि आउन सकेनन् ।
एकै पलमा प्रौढ भएकी उसलाई
के भनेर शान्त्वना दिऊँ ?
कसरी थुमथुम्याउँ उसलाई ?

कतै ईश्वरलाई देख्यौ भने
तिम्रो ईश्वरलाई भेटचौ भने
सोध उसलाई शारदा !

ईश्वरको अदालतले किन न्याय गरेन ?
एउटी निर्दोष किशोरीको
खुसी हरण किन गऱ्यो ?

## ४०.

मैले ठहर गरें
अब कसैसँग माया लाउनेछैन
अल्पायु शारदाको गाथा
कहिल्यै दोहोऱ्याउने छैन ।

तिम्रो अभावको खडेरीले
ग्रस्त मेरा अवयवहरू
भिज्न खोज्छन्
मुटुमा बाढी आइरहन्छ
आँखाको बाटोबाट
पोखिइरहन्छ, चुहिरहन्छ ।

मायाको स्वार्थमा जेलिएँ म
शारदा ! तिम्रो मायाको भ्रममा
अल्मलिएँ म !
छली तिम्रो छलमा
परिगएँ म !

अब कसो गरी मुक्ति हुने हो
अथवा यही बन्धन मुक्ति हो !

## ४१.

शारदा ! आज धेरै दिनपछि
सुयशाका अनुहारमा घाम देखेँ
तिमीलाई मन र मुटुभरि
सम्झिरहँदा पनि
बिर्सेको अनुभूति
हामीमाऊ लुकिरह्‍यो
थाकेको मनको भक्कानो
बिसाएर मानसमा
जीउने कला
अभ्यास गर्दै छ सुयशा ।

शारदा ! सुयशाको मुस्कानमा
तिमी नै तिमी देखेँ
उसका किरणहरूमा
तिम्रै चमक भेटेँ
यस नश्वर धरामा
यसरी नै बिहान हुन्छ है !

## ४२.

भोलि तिम्रो बिदाइ
तिमीले देह त्यागेको पनि
बाह्र दिन बितिसकेछ ।

समय दौडिरह्यो
तिमीलाई भेट्ने हाम्रो यात्रा
थाहा छैन कहिले प्रारम्भ हुने हो
आस्थाका आयामहरू
परम्पराका खाँबाहरू
चर्किए पनि गाडिँदै छन् ।

तिमीसम्म पुग्ने सामलतुमल
मलाई विश्वास छैन
जे लग्यौ तिम्रै साथ छ
आत्मसन्तुष्टिको सग्लो पोको ।

यी कल्याङमल्याङहरू
अर्थहीन वातावरण पनि
सहनुपर्दो रहेछ शारदा !

## ४३.

तिम्रो मृत्युभोज खाएँ शारदा !
मैले पनि तिम्रो मृत्युभोज खाएँ
पत्रपत्रिकामा तिम्रो मृत्यु विज्ञापन
छि... कत्ति नृशंस विज्ञापन !

मानिसहरू मृत्युको पनि गान गाउँछन्
मृत्युको उद्घोष गर्छन्
किन यसरी हाँस्छ दुनियाँ ?
आत्मगर्व पनि गर्दिन्छ मृत्युको ।

ठूलो र सानो तस्बिर तिम्रो
दाँजेर पनि शोक विज्ञापन

मेरा आँखामा विज्ञापन बिजायो
मेरा मानसमा तिम्रो तस्बिर छटपटायो
कहिल्यै नजन्मेकी तिमी शारदा
तिमी मेरा लागि मरेकी पनि छैनौ शारदा ।

झुठो हो, देखावटी हो
त्यस्तो विज्ञापन अर्को छल हो
बाँचेका भनेकाको अहङ्कार हो !
ए हटाऊ त्यस्तो मृत्यु विज्ञापन
मरेकी छैन शारदा मर्दिन शारदा कहिल्यै !

## ४४.

भोजको दुनियाँ
मृत्युभोजको अर्को माहौल
पितृप्रसाद ग्रहणको जमर्को
तिमी अब पितृ भयौ रे शारदा !
तिमीले जित्यौ
बाँकी सबै हामी हार्दै छौँ
थाहा छैन कहिलेसम्म
यो बँचाइ हामी मर्नेछौँ
सोच्दै छु यस बेला
तिमी भाग्यमानी

तान्तु र नरेन्द्रका साथमा
सुयशाका आँखामा
पच्दै गरेका आँसुहरू
निराश उसको यौवन
मैले पनि पिएँ आँसु नै
देखाउन पनि सकिनँ
भुल्न पनि गाह्रो भो !

भारती पुन: नजिकिई
प्रमिला अझै भक्कानोमा छ
गायत्री* नियास्रिएकी छ

मायाको तिम्रो बिस्कुन
अब बिस्तारै बिस्तारै
ओसिँदै जानेछ शारदा !

---

* गायत्री विष्ट गाँउले

## ४५.

अब स्मृति मात्र भयौ तिमी
स्नेहका छालहरूले बगाउन खोज्ने
टिलपिल टल्कने बालुवाजस्तो
समयको गर्तले छोप्दै जाला
ब्रह्मानन्दमा पुगेको
सानो थोप्लोजस्तो
तिमी बिलाइदियौ
एक झमट आएको हावाजस्तो
अझ हावाले ल्याएको
मीठो सुगन्धजस्तो
कति छिट्टै हरायौ शारदा !

भ्रमजस्तो तिम्रो उपस्थिति
सपनाजस्तो मेरो जीवनमा
छायाजस्तो तिम्रो काया
व्यर्थै भयो कि हाम्रो माया
अनर्थ अनर्थजस्तो हाम्रो कल्पना ।

तिम्रै पथगामी हामी
विश्वास बिलिनुभए पनि
सत्य स्वीकार्नु हाम्रो नियति
अब सिर्फ प्रतीक्षा मात्र छ यात्राको
स्वागत गर है शारदे !